जि.प्र.का.द.नं. : ४८/२०७३/०७४
जि.हु.द.नं. : १/२०७४/०७५

साप्ताहिक
# जननिगरानी

व्यवसायीक पत्रकारीता लोकतन्त्रको आधार,
सम्वृद्ध र विकासको साझेदार

Jananigrani Weekly




वर्ष ६, अंक ४१ चैत १९ गते आइतबार २०७९, 2 April Sunday 2023 नेपाल सम्वत ११४३, पृष्ठ ६ मूल्य रू. ८।-

# पाँच वर्षदेखि बँदेलको शिकार शुन्य

**जननिगरानी संवाददाता**
**बागलुङ**



बैधानिक रुपमा शिकार गर्न पाउने नेपालको एक मात्र शिकार आरक्ष 'ढोरपाटन शिकार आरक्ष'मा पछिल्लो पाँच वर्षमा बँदेलको शिकार हुन सकेको छैन ।

नाउर, झारल, बँदेल, रतुवा र मृगको शिकार हुँदै आएको ढोरपाटनमा आर्थिक वर्ष २०७३/०७४ देखि बँदेलको शिकार हुन नसकेको हो ।

ढोरपाटनमा हरेक वर्ष दुई पटकसम्म शिकार याम संचालन हुन्छ । पहिलो (असोज-कार्तिक) र दोस्रो (फागुन-बैशाख) याम नाउर, झारल र बँदेलहरुको शिकारको लागि बोलपत्र आव्हान गरेर अनुमति प्राप्तहरुलाई शिकारको लागि खुल्ला गरिन्छ । हरेक वर्ष नाउर र झारलको शिकार भए पनि विगत पाँच वर्षदेखि बँदेलको शिकार शुन्य रहेको प्रमुख संरक्षण अधिकृत विरेन्द कंडेलले जानकारी दिनुभयो।

वन्यजन्तुको सिकार गर्न जिल्ला सिकार अनुज्ञापत्र, सामान्य सिकार अनुज्ञापत्र, पुरक सिकार अनुज्ञापत्र र पंक्षित सिकार अनुज्ञापत्र गरी चार किसिमका शिकार अनुज्ञापत्र (लाईसेन्स) र अन्य इजाजतपत्र (प्रमिट) लिनुपर्छ । आरक्षमा नाउर र झारल शिकार गर्न पुरक सिकार अनुज्ञापत्र र रतुवा, मृगको सिकार गर्न सामान्य सिकार अनुज्ञा पत्र लिनुपर्ने आरक्षका प्रमुख संरक्षण अधिकृत कंडेलले बताउनुभयो ।

ढोरपाटनमा गत आर्थिक वर्ष २०७८/०७९ देखि नाउर र झारलको सिकार गरेपछि बोनसको रुपमा बँदेलको शिकार गर्न रोक लगाएर छुट्टै अनुमति लिनुपर्ने व्यवस्था गरिएको प्रमुख संरक्षण अधिकृत कंडेलले बताउनुभयो ।

ञराष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागबाट यस वर्षको दोस्रो सिजन (फागुन-बैशाख)मा १२, नाउर, नौं झारल र ११ बँदेलको अन्तराष्ट्रिय बोलपत्र आव्हान गरिएपनि बँदेलको सिकारको लागि कसैले पनि इच्छा नदेखाएको कँडेलले बताउनुभयो ।

यस वर्षको अघिल्लो सिजन (असोज-कार्तिक)मा २ जना नेपालीले बोलपत्र स्वीकृत भएपनि सिकार गर्न आएनन । दोस्रो सिकार याममा पनि बँदेलको बोलपत्र स्वीकृत भएको छैन । सायद सिकारीहरु चालु याममा पनि नआउने निश्चित भएको कँडेलको भनाई छ ।

पहिले नाउर र झारलको शिकार गरेवपात बोनसका रुपमा रतुवा र बँदेल एक/एक वटा सिकार गर्न पाईन्थ्यो । अहिले त्यसको व्यवस्था नभएको हिमालयन आउट फिटर्सका संचालक अतुल खड्काले बताउनुभयो । 'पहिले नाउर र झारलको सिकार गरेवापत बोनसका रुपमा रतुवा र बँदेलको सिकार गर्न पाइन्थ्यो,' सञ्चालक खड्काले भन्नुभयो-'अहिले छुट्टै प्रक्रियामा जानुपर्ने भएकाले कम्पनीमार्फत आएका विदेशी शिकारीले शिकार गर्न चासो देखाएका छैनन् ।'

सिकार प्रक्रिया नबुझेर पनि नेपाली सिकारीहरु नआउने गरेको खड्काको भनाई छ । 'बँदेलको सिकारको ब्लक आरक्षणका लागि एक हप्ताको १५ हजार रुपियाँ तिर्नुपर्छ,' खड्काले भननुभयो,'एक हप्तामा बँदेलको सिकार गर्न गाह्रो हुन्छ । समय थप गर्दा रकम पनि बढ्दै जान्छ त्यसैले सिकारी नआएको हुन सक्छन् ।'

बँदेलको सिकारको लागि रातीको समय उत्तम रहेकोले सिकारीहरुले इच्छा नदेखाएको हुन सक्ने प्रमुख संरक्षण अधिकृत कंडेलको भनाई छ । ' ढोरपाटनमा बँदेलले खेतीमा क्षति पुऱ्याउँदै आएको स्थानीयको गुनासो छ ।

बँदेलले आलु खेतीमा क्षति

............. बाँकी ६ पेजमा

# प्रदेशको अधिकारमाथि अंकुश लाग्यो: मुख्यमन्त्री अधिकारी

**जननिगरानी संवाददाता**
**बागलुङ**



गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले संघीय सरकारले प्रदेशको अधिकारमाथि अंकुश लगाएको बताउनुभएको छ ।

संघीय सरकारले प्रदेशमा अधिकार प्रत्यायोजन गर्न आनाकानी गरेको बताउनुभएको हो । तीनै तह बलियो बनाउनका लागि प्रदेश सरकारले संबिधानको व्यवस्था अनुसारका अधिकार प्रयोग गर्न पाउनुपर्नेमा मुख्यमन्त्रीले जोड दिनुभयो ।

बागलुङ कालिका भगवती गुठि व्यवस्थापन समितिले चैत्राष्टमीको अवसरमा कालिका मन्दिर परिसरमा आयोजना गरेको चैताष्टमी मेलाको उद्घाटन गर्दै अधिकारीले विकास र समृद्धिका लागि प्रदेश सरकारको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्नुभयो । गण्डकी विश्व विद्यालयले खानी इञ्जिनियरिङ बिद्याको अध्यापनका लागि दरवन्दी स्वीकृत भएको स्मरण गर्दै प्रदेश सरकारले स्थान अनुसारको सम्भावनाको खोजी गरेर विकास गर्ने बताउनुभयो ।

'प्रदेशलाई अधिकार दिँदा संघ कमजोर हुने होईन, झन बलियो हुन्छ' अधिकारीले भन्नुभयो-'प्रदेशलाई काम लगाउनुको साटो संघले अधिकारहरुमा अंकुश लगाईरहेको छ ।' कानूनको अभाव छ, भूमीको उपयोग गर्ने अधिकार समेत दिईएको छैन् ।' केन्द्रियतावादी सोँचका कारण संघीयता बिरोधीहरुलाई सहयोग पुगेको उहाँले बताउनुभयो । संघीयता मर्म र भावना अनुरुपको अधिकार प्रत्योजन नहुने, कार्य सम्पादनमा अंकुश लगाउने जस्ता कार्यले संघीयतामाथि प्रहार भैरहेको उहाँको भनाई थियो ।

'हामिसँग भएको युरेनियम बेलायती ल्याएर अध्ययन गराउने होईन, हाम्रै उत्पादनले गर्नुपर्छ' अधिकारीले भन्नुभयो-'हामिसँग फलाम, तामा लगायतका धातुहरुका खानी छन्, तिनको अध्ययन र उत्खननले समृद्धि ल्याउँछ । खानीको अध्ययन तथा उत्खननको अधिकारी प्रदेशलाई प्रदान गर्नुपर्ने उहाँको भनाई थियो । देशको राष्ट्रिय र व्यवस्था विरुद्ध केही शक्ति लागेको प्रसंग उप्काउँदै उहाँले गणतन्त्र र धर्म निरपेक्षको विषयमा पछि नफर्किने बताउनुभयो ।

पहाडका गाउँहरु रित्ता भएको प्रति अधिकारीले चिन्ता व्यक्त

............. बाँकी ६ पेजमा

Dhaulagiri Modern
& Midari Language Institute
Ba.na.pa.-2, Baglung

हाम्रो सेवाहरु

- Bridge Course
- लोकसेवा आयोग
- Computer Course
- सिप मुलक तालिम
- English Language
- जापानिज भाषा
- IELTS Class
- कोरियन भाषा

- दक्ष तथा अनुभवि प्रशिक्षकद्धारा अध्यापन गराईने ।
- स्वच्छ, शान्त, विद्यार्थी मैत्री वातावरणमा अध्यापन गराईने ।
- समय समयमा सम्बन्धित विशेषज्ञद्धारा सेमिनार गराईने
- स्वच्छ पिउने पानीको व्यवस्था ।
- विद्यार्थीहरूको लागि होस्टलको व्यवस्था ।
- प्रत्येक कक्षामा सि.सि. क्यामेराको व्यवस्था ।
- माध्यमबाट अध्यापन गराईने ।
- हरेक विषयको हेन्डस्आउट उपलब्ध गराउने ।

सम्पर्क नं.: ०६८-५२२६६७, ९८४६७९८८९७, ९८५७६७१४९५, ९८५७६३५०४१

सृष्टि इलेक्ट्रीक एण्ड मर्मत
जिपपार्क, बागलुङ



विजुलीका सम्पूर्ण समानहरु मिक्चर, राइसकुकर, हिटर, मोवाइल तथा विदेशी लाइटको चार्जर, क्यालकुलेटर, बिजुलीको तार, वल्व, होल्डर, सिंगल फेज, 3 फेज वायरिङ गर्नुपरेमा हामलिाई सम्झनुहोस् । साथै मोटर T.V., विदेशी लाइट, ग्याँस चुलो लगायत सम्पूर्ण सामानको मर्मत पनि गरिन्छ ।



प्रो. जीत बहादुर किसान
मो नं.: ९८६५३३५५७०, ९८१३००८४११

Selling Happiness
www.fewabazar.com
Online Shopping

के तपाई स्टुडेन्ट भिजामा जापान जाने चक्करमा हैरान हुनुभएको छ ?
के तपाईले जापान जाने चक्करमा धुप्रै लगानी गर्नुभएको छ ?
यदि त्यस्तो हो भने तपाईको जापान जाने सपना साकार पार्न हामी सघाउँछौं ।

Subarashii Language Institute

हाम्रा विशेषताहरु: काठमाडौं र पोखराको सफलतापछि अब बागलुङ बजारमा

- एस एल सी वा सो भन्दा माथिका स्टुडेन्टहरुको सजिलै अप्लाई गर्न सकिने ।
- तपाईले रोजको शहर तपाईले रोजेको कलेजमा अप्लाई गर्न सकिने
- अप्रिल, जुलाई, अक्टोबर तथा जनवरी चार वटै ईन्टेकमा अप्लाई गर्न सकिने ।
- प्लस टु वा प्लस टु पछि ग्याप भएको तथा जुनसुकै डिभिजनको स्टुडेन्टलाई पनि सजिलै अप्लाई गर्न सकिने
- न्युन खर्चमा अप्लाई गरिने । ✓ अनुभवी प्रशिक्षक द्वारा अध्यापन गराईने ।

शुमरासी ल्याङगुयज ईन्सचिच्युट

धौलागिरी चोक बागलुङ, (पञ्चकोट सुनचाँदि पसलको अगाडि)
सम्पर्क फोन नं. ०६८५२०३७३, ०६८५२०४५८, ९८४६८०७८७४, ९८४६८०३५००

तपाईको जापान जाने सपना, हाम्रो सपना
तपाईको सपना साकार पार्ने जिम्मा अब हाम्रो काँधमा

गुहेली सञ्चार सहकारी संस्था लिमिटेडद्वारा संचालित जननिगरानी साप्ताहिक

*अध्यक्ष:* खिमबहादुर कार्की
*सम्पादक:* नविन शिशिर वि.क.
अतिथि सम्पादक: दिल शिरीष
*सह-सम्पादक:* अर्जुन कार्की
कार्यालय: काँठेखोला गाउँपालिका-२, भीमापोखरा
सम्पर्क कार्यालय: बागलुङ नगरपालिका-२, बागलुङ
फोन नम्बर: ०६८-५२२०२४, ९८५७६२०३००, ९८५७६२५५५०
इमेल: Jananigrani.bgl@gmail.com
मुद्रण: नमुना छापाखाना,
बागलुङ नगरपालिका-३, बागलुङ

## सम्पादकीय

# सहकारीको समस्यामा पहल गरौं

अहिले सहकारी क्षेत्रको नराम्रो हल्लाले बजार तातेको छ । सहकारीले जनताको पैसा डुबायो । सहकारीले पैसा फिर्ता दिन सकेन । सहकारी सञ्चालक सेयर सदस्य प्रति सचेत, जिम्मेवार भएनन भन्ने जस्ता नकरात्मक विषयले निकै चर्चा पाएको छ । एक दुई सहकारीको गल्तीले सहकारी क्षेत्र नै बद्नामी भएको छ । विपन्न, सामान्य पुंजी भएको व्यक्तिको घरआगनको वित्तिय संस्था सहकारी हो । सहकारीको मर्म र भावना निकै वृहत र पवित्रा छ । सानो सानो पुंजी एकीकृत गरी पूँजी निर्माणमा भूमिका खेल्ने वित्तिय संस्था सहकारी हो । बजारमा जुन रुपमा सहकारी बद्नामी भएका छन् यसले आधापेट खाएर उज्जवल भविष्यका सपना देख्ने नागरिकहरुको सपनामाथि गम्भिर चोट पुगेको छ । कतै न कतै कुनै न कुनै रुपमा सहकारीका सञ्चालक होस् वा कर्मचारीबाट गल्ती, कमीकमजोरी नभई बजार हल्ला चलेको पक्कै होईन् । गलत गर्ने सहकारीलाई तुरुन्त कार्वाही गरी राम्रोसँग आर्थिक कारोबार गरेका, रोजगारी सिंर्जना गरेका सहकारीको संरक्षण गर्नु अनिवार्य छ ।

सहकारीलाई हिजो आजा सह्रकारीको नामले पहिचान गरिन्छ । सहकारी आन्दोलनको लागि यो उपनाम पक्कै पनि गतिलो संकेत होईन । किन यस्तो उपनामले सहकारीलाई बद्नामी गरिदै छ । सहकारी अभियान्नतहरुले यस विषयमा पनि समयमै ध्यान पुऱ्याउनु आवश्यक छ । पछिल्लो समय बैंक र सहकारीबीच अलि समन्वयको दुरी, बुझाईको दुरी बढेको पनि पाईन्छ । एक अर्कोलाई प्रतिस्पर्धीको रुपमा लिने गरेको पाईन्छ । दुवै वित्तिय संस्था त हुन तर यिनका काम छुट्टै प्रकृतिको छ । यिनीहरुको आ-आफ्नो उद्धेश्य छ । सानो पुंजी, साना मान्छेको पहुँचमा रहने सहकारी क्षेत्रले किन बद्नामी कमायो ? सामान्य रकम पनि फिर्ता गर्न नसक्ने अवस्थाको सिंर्जना कसरी भयो ? यो विषयका सरोकारवाला निकायले विशेष चासोका साथ अनुगमन गर्नु र समयमै समस्याको निराकरण गर्नु आवश्यक छ ।

विशेष गरी सहकारीलाई गैरसेयरसँग कारोवार गरेको, सञ्चालकले धेरै रकम चलाएको, समयमा साँवा व्याज नतिरेको, उद्धेश्य अनुरुपको क्षेत्रका लगानी नगरेको जस्ता कारणले सहकारी बद्नामी भएको तथ्यहरु बेला बेलामा सार्वजनिक हुने गरेका छन् । यस्ता सहकारीको बेलामै पहिचान गर्न सके आधारभुत जनताले भोको पेट राखेर भविष्यको लागि गरेको बचतको संरक्षण हुने थियो । सहकारी आन्दोलनलाई बद्नामी हुनबाट रोक्न सहकारी अभियान्तहरु र सरोकारवाला निकायले समयमै समस्या ग्रस्त सहकारी पहिचान गरी तिनको समस्या समाधानमा ध्यान दिनु अनिवार्य छ ।

## बागलुङका १० स्थानिय तहका प्रमुख र उपप्रमुखहरुको फोन नम्बर

### नगरपालिकाहरु

**बागलुङ नगरपालिका**
प्रमुखः बसन्तकुमार श्रेष्ठ
उपप्रमुखः राजु खड्का

**जैमिनी नगरपालिका**
प्रमुखः नर बहादुर पुन
(९८६३०४१३५५)
उपप्रमुखः हरिहर शर्मा
(९८५११५७९९१)

**गल्कोट नगरपालिका**
प्रमुखः भरत गैरे
(९८५७६४०७५१)
उपप्रमुखः फमलाल निउरे
(९८५७६४०७५२)

**ढोरपाटन नगरपालिका**
प्रमुखः देव कुमार नेपाली
(९८५६०२६३३०)
उपप्रमुखः धन बहादुर कायत
(९८४३५१२७५८)

### गाउँपालिकाहरु

**काठेखोला गाउँपालिका**
अध्यक्षः राजु थापा
(९८५७६७७००१)
उपाध्यक्षः तेज बहादुर थापा
(९८५११९६४९०)

**ताराखोला गाउँपालिका**
अध्यक्षः धन बहादुर बि.क
(९८५७६६६११२६)
उपाध्यक्षः भिम बहादुर रोका
(९८५७६६६११२७)

**बरेङ गाउँपालिका**
अध्यक्षः कृष्ण प्रसाद शर्मा
(९८५७६२२५५१)
उपाध्यक्षः दिलिप कुमार पुन
(९८५११७०४५८)

**बडिगाड गाउँपालिका**
अध्यक्षः गण्डकी थापा अधिकारी
(९८५७६६६०९९)
उपाध्यक्षः भिमसेन वन
(९८५७६६६१००)

**निसीखोला गाउँपालिका**
अध्यक्षः सुर्य बहादुर घर्ति
(९८४६८३११११)
उपाध्यक्षः प्रेम बहादुर घर्ति मगर
(९८५७६२८३११)

**तमानखोला गाउँपालिका**
अध्यक्षः जोकलाल बुढा
(९८५७६२१२१९)
उपाध्यक्षः हिरा कुमारी छन्त्याल
(९८६७६४३७९९)

# विश्वमा संघीयताको इतिहासः कुन देशमा कति सफल ?




राज्य सञ्चालनका विभिन्न शासन पद्धतिहरु हुन्छन् । जसमा मूलतः एकात्मक र संघीय शासन प्रणाली छन् । सामान्यतया एकजनामा केन्द्रित शासन व्यवस्थामा आम नागरिकको असन्तुष्टि बढ्न थालेपछि नयाँ विकल्पको खोजी भयो । जसमा केन्द्रमा रहेको अधिकार तथा शक्तिलाई अन्य तल्लो निकायमा दिने प्रणालीको विकासमा जोड दिन थालियो । यसैलाई साधारण रुपमा संघीयता भनिन्छ । हुन त विश्वमा आज पनि १२१ वटाभन्दा बढी एकात्मक देश छन् । जहाँ एकतन्त्रीय शासन विद्यमान छ । संयुक्त राष्ट्रसंघमा आवद्ध सदस्य राष्ट्रलाई आधिकारिक मान्दा विश्वमा १९३ मुलुक छन् । जसमध्ये अत्यन्तै विकसितदेखि अविकसितसम्म २५ वटा राष्ट्रमा मात्रै संघीय शासन प्रणालीको अभ्यास रहेको फोरम अफ फेडेरेशनले उल्लेख गरेको छ ।

संघीय शासनको मुख्य नीति तथा प्रावधान भनेकै राज्य संरचनाको व्यवस्थित विकेन्द्रीकरण हो । राज्यको केन्द्रीय शक्तिलाई नीतिगत रुपमा बाँडफाँट गरी आम नागरिकको पहुँचसम्म पुऱ्याएर सेवा प्रवाह गर्ने पद्धतिलाई संघीयताको रुपमा बुझिन्छ । यसले कुनै पनि मुलुकको द्वन्द्व व्यवस्थापन गर्न सघाउँछ । त्यस्तै बहिष्कृत एवम् बञ्चितीकरणमा परेका वा पारिएका महिला, पिछडिएका, सीमान्तकृत, दलित तथा जनजातिलाई मूल प्रवाहमा ल्याउन भूमिका खेल्छ । विकासको समान वितरण तथा उपयोग गर्ने वातावरण सिर्जना हुन्छ ।

वास्तवमा Federation भन्ने शब्द ल्याटिन भाषाको Foedus बाट आएको हो । जसको अर्थ त्चभबतथ (सन्धि) वा Covenant (सम्झौता) भन्ने हुन्छ । यो यस्तो व्यवस्था हो, जहाँ एउटै भूगोल वा राज्यलाई दुई वा दुईभन्दा बढी तह निर्माण गरी शासन गरिन्छ । यसमा साझा स्वार्थहरुमा सम्झौता गरेर राज्यहरुलाई एउटामा जोडिएको हुन्छ ।

### कसरी सुरु भयो संघीयता ?

क्लासिकल संघीयताको इतिहास हेर्दा करिब तीन हजार २०० वर्षअघिको स्वीट्जरल्याण्डलाई सम्झनुपर्छ । सन् १२९१ मा स्वीज, यूरी र अन्टरल्याण्ड राज्यहरु मिलेर बनाइएको महासंघीय ढाँचाको स्वीट्जरल्याण्ड नामको एकीकृत संघलाई विश्वको प्राचीन इतिहासमा पहिलो संघीय राज्यको रुपमा लिइएको छ । यसैबाट प्रभावित भएर जर्मनीका विद्वान जोहानेस अल्थुइस (सन् १५५७-१६३८) ले संघीयताको वकालत गरेका थिए । त्यसैले उनलाई संघीयताको पिता पनि भनिन्छ । आधुनिक संघीयताको जग भने बेलायती साम्राज्यवादले सुरु गरेको हो भन्दा अत्युक्ति नहोला । १६औं शताब्दीको अन्त्यदेखि बेलायतले आफ्नो राज्य विस्तार सुरु गऱ्यो । जसका कारण संसारका अधिकांश भूभागमा उसको भौगोलिक अनि राजनीतिक उपनिवेश कायम भयो । यो क्रममा बेलायतबाटै सन् १७६० बाट औद्योगिक क्रान्ति सुरु भयो । यससँगै विस्तारवाद पनि फैलियो । जसको फलस्वरुप बेलायत विश्वलाई नै आफ्नो कब्जामा पार्न सफल भयो ।

त्यसवेला बेलायतले अहिलेको अमेरिका, भारत, पाकिस्तानलगायत करिब ९० वटा देशमाथि शासन गरेको थियो । समय क्रमसँगै बेलायतको उपनिवेश समाप्त हुँदै गयो । यसमा संसारका राष्ट्रहरुबीचका विभिन्न सन्धि सम्झौता, विज्ञहरुका चेतनामूलक पुस्तक, अभियान, सम्बन्धित देशका जनताको वौद्धिकस्तरमा आएको आमूल परिवर्तन, आन्दोलन, विश्व युद्ध एवम् विश्वभर नै राष्ट्रियताको मूल प्रवाहले भूमिका खेलेको छ । विश्वमा संघीयता पनि यसै पृष्ठभूमिबाट जन्मेको हो । जहाँ विभेद, शोषण, नागरिकहरुबीचमा जातीय, रंगको विभेदले गर्दा संघीयताको जन्म हुन गयो ।

सन् १७७६ देखि १९८३ सम्म अमेरिकामा स्वतन्त्रता संग्राम भयो । जसको उद्देश्य भनेको आफ्नो देशमा भएको ब्रिटिस उपनिवेशको विरुद्धमा थियो । उनीहरुले त्यही बेला बेलायतले भूगोल विभाजित गरेर शासन गरिरहेको अमेरिकाका १३ वटा छुट्टाछुट्टै राज्यले आफ्नो शक्ति बढाउन एकै ठाउँमा रहेर एकीकृत हुने निर्णय गरे । यो निर्णय केवल त्यसबेला ब्रिटिसको साम्राज्यवादविरुद्ध मात्रै थियो । यसको दीर्घकालीन उद्देश्य केही थिएन । तत्कालीन ब्रिटिस शक्तिलाई परास्त गर्न १३ वटा राज्य एक भई संयुक्त राज्य अमेरिका बनाउने निर्णय गरे । यसैलाई आधुनिक इतिहासमा पहिलो संघीय राज्य भनिन्छ । यसको जग भनेको त्यसबेला अमेरिकी नागरिकहरुले बनाएको अमेरिकाको स्वघोषित संविधान (सन् १७८८) हो । जुन संसारको इतिहासमा पहिलो लिखित र सानो संविधान हो । त्यतिबेला संविधानमै १३ राज्यले चाहेको खण्डमा जनमतसंग्रह गरेर छुट्टै राज्य खडा गर्न सक्ने उल्लेख थियो । तर, हाल त्यस्तो व्यवस्था खारेज गरिएको छ ।

### कसरी हुन्छ संघीय मुलुक ?

विश्वका मुलुकहरु संघीय प्रणालीमा जाने विशेषगरी दुइटा तरिका छन् । एउटा सन्धिमा आधारित र अर्को स्वायत्ततामा आधारित मोडल । दुई वा दुईभन्दा बढी स्वतन्त्र राज्यले साझा लक्ष्य तथा स्वार्थ प्राप्त गर्न सन्धि वा सम्झौताद्वारा एकापसमा जोडिएर महासंघ बन्ने प्रक्रियालाई सन्धिमा आधारित मोडल भनिन्छ । अमेरिका, स्वीट्जरल्याण्ड, क्यानडा, अस्ट्रेलिया यही प्रक्रियाबाट संघीय बनेका मुलुक हुन् । त्यस्तै एकात्मक राज्यले आफ्नो शासन प्रणालीलाई समावेशी, सन्तुलित र सहभागीमूलक बनाइ देशको अखण्डता कायम राखिरहन तहगत संरचना निर्धारण गरी निश्चित अधिकार प्रत्यायोजन गरी बनाइने संघीय प्रणालीलाई स्वायत्ततामा आधारित मोडल भनिन्छ । नेपालको संघीयता यही मोडेलमा बनेको हो । यस किसिमको संघीयताले देशलाई एउटै भूगोलमा जोडिराख्न भूमिका खेल्छ । नेपालको संघीयताले देशमा तत्कालीन जारी द्वन्द्वको व्यवस्थापनमा भूमिका खेलेको छ ।

### कति मुलुकमा सफल छ संघीयता?

विश्वमा शक्तिको समान र समतामूलक वितरणका लागि संघीयताको अभ्यास गरिँदै आएको छ । अधिकांश मुलुक अधिकारको पहुँच एवम् विकासको मामिलामा पनि संघीयतामा रहेर सफल भएको देखिन्छ । प्रादेशिक संरचनामा रहेका क्यानडा, अर्जेन्टिना, गणतन्त्रात्मक संरचनामा रहेको रसिया, राज्य प्रणालीमा रहेका अस्ट्रेलिया, ब्राजिल, अमेरिका, जर्मनी, भारत आदि देशहरुमा संघीयताको सफल कार्यान्वयन भएको देखिन्छ । ती देशहरुमा कूल गार्हस्थ उत्पादनदेखि मानव विकास तथा सुशासनका सूचकांकहरुसम्म सन्तोषजनकमात्रै होइन अब्बल नै छन् ।

केही मुलुकहरु जसको अर्थतन्त्र नाजुक र सानो छ, त्यस्ता देशमा संघीयता कार्यान्वयन चुनौतीपूर्ण देखिएको छ । जसमा इथियोपियाको एउटा उदाहरण लिन सकिन्छ । नेपालमा पनि अर्थतन्त्रको आकारलाई हेर्दा चुनौतीपूर्ण देखिन्छ । हुन त संघीयताको नकारात्मक पक्षबारे अमेरिकामै पनि चर्चा हुने गर्छ । जसमा देशको मूलभूत नीतिहरुमा पनि एकरुपता नहुने भएकाले संघीयता असफल हुने चेतावनी पनि दिइने गरिन्छ । किनकि

.............बाँकी ६ पेजमा

## साप्ताहिक राशिफल

*मेषः* मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । चुनौतीको सामना गरि गलत निर्णय लिन पुगिएला सचेत रहनुहोला ।

*बृषः* हर्षर प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । रोकिएको धनहात पर्ला । चिताएको कामले तीव्रता लिनेछ ।

*मिथुनः* विभिन्न कार्यक्रममा नेतृत्वदायक भूमिका निर्वाह गर्न पाइनेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।

*कर्कटः* नयाँ उद्योग वा रचनात्मक काममा जट्ने समय छ । राजनीतिक तथा समाजसेवामा मन लाग्नेछ ।

*सिंहः* ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । सामाजिक र राजनीतिक कार्यमा ख्याति कमाउने योग छ ।

*कन्याः* रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । बन्दव्यापारमा प्रगतिको वातावरण बन्नेछ ।

*तुलाः* न्यायिक कार्यमा सफलता मिल्नेछ । आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर पनि जट्नेछ ।

*वृश्चिकः* रोकिएका अधुरा काम पुनः सुरू हुन सक्छ । करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

*धनुः* मान्यजनको सुझाव अप्रिय लाग्नेछ । अनावश्यक यात्रा एवं विविध झमेलामा झेलिनु पर्नेछ ।


*मकरः* आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ ।

*कुम्भः* परोपकारजन्य कार्यमा लगाव बढ्ने र धन सञ्चयको अवसर प्राप्त हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नसकछ ।

*मीनः* घरमा अतिथिको आगमन हुनेछ गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता मिल्नेछ ।

*-ज्यो.प. नारायणप्रसाद ढुलाल*

*स्रोतः हाम्रोपात्रो*



# काठेखोला गतिविधि

## समितिमा बस्ने उपभोक्ता नहुँदा योजना अलपत्र

जननिगरानी संवाददाता
बागलुङ

बागलुङको काठेखोला गाउँपालिका-६ वडा कार्यालयले प्रजातन्त्रदय प्रा.विमा शौचालय निर्माण तथा अमृतपानी आधारभुत विद्यालयमा शौचालय, सुरक्षा पर्खाल, खानेपानी लगायतका योजनामा बजेट विनियोजन गरेको छ।

वडा कार्यालयले बर्खा सुरु हुनु अघि नै वडा तहका योजना सम्पन्न गर्ने लक्ष्य राखे पनि दुई वटा विद्यालयमा निर्माणको काम अघि बढ्न सकेको छैन। दुवै योजना उपभोक्ता समितिमार्फत गर्नुपर्ने हुन्छ।

उपभोक्ता समितिमा बस्ने उपभोक्ताको अभावले दुवै विद्यालयका योजना अघि बढ्न नसकेको वडाध्यक्ष वृहस्पति शर्माले बताउनुभयो। एउटा योजनामा सात जना समिति र तीन जना अनुगमन समिति गरी दश जना उपभोक्ता आवश्यक पर्छ।

एउटा योजनामा बसेको उपभोक्ता उक्त योजना सम्पन्न नभएसम्म अर्को योजनाको समितिमा बस्न नपाउने प्रावधानको कारण उपभोक्ता समिति गठन गर्न कठिन भएको अध्यक्ष शर्माको भनाई छ। दुवै विद्यालयको योजना कार्यान्वयनमा समस्या भैरहेको छ। उपभोक्ता समितिमा बस्न योग्य अधिकांस अन्य योजनामा बसेको र उमेर पुग्ने धेरै स्थानीय बजार केन्द्रीत हुँदा जनशक्ति अभाव रहेको अध्यक्ष शर्माको भनाई छ।

योजना कार्यान्वयनको लागि बजार क्षेत्रमा अध्ययनको लागि गएका युवाहरुलाई गाउँ बोलाएर भए पनि काम गर्नुपर्ने अवस्था छ। वडा कार्यालयले यो आर्थिक बर्षमा साना ठुला गरी वडा भित्र ४९ योजना तयार गरेका छ। 'उपभोक्ताको संख्या पुऱ्याउन कठिन छ' वडाध्यक्ष शर्माले भन्नुभयो-'उपभोक्ताको भेला, बैठक राखेर काम गर्न गाउँमा मान्छे छैनन।' वडा, गाउँपालिका प्रदेश र संघीय सरकारका कार्यक्रम अधिकांस उपभोक्ता समितिमार्फत गर्नुपर्ने प्रकृतिका योजना छन्। गाउँमा उमेर पुगको कोही शिक्षक, कोही कर्मचारी त कोही राजनीतिक दलका पदाधिकारी छन्।

पूर्वाधार निर्माणका लागि गठन भएका उपभोक्ता समितिका पदाधिकारीसमेत रहेकाले समितिमा बस्ने उपभोक्तो भेटाउन कठिन भएको छ। एउटा उपभोक्ता समितिमा रहेको व्यक्ति अर्को समितिमा बस्न पाइँदैन। शिक्षक, कर्मचारी र राजनीतिक दलमा अबद्ध पदाधिकारीले पन उपभोक्ता समितिमा बस्न पाउँदैनन। 'गाउँमा कि बालबालिका किन ज्येष्ठ नागरिक धेरै छन्' उहाँले भन्नुभयो-'काम गर्ने उमेर समुहका व्यक्ति पाउन मुस्किलको बात छ।'

**पूर्वाधार निर्माणका लागि गठन भएका उपभोक्ता समितिका पदाधिकारीसमेत रहेकाले समितिमा बस्ने उपभोक्तो भेटाउन कठिन भएको छ। एउटा उपभोक्ता समितिमा रहेको व्यक्ति अर्को समितिमा बस्न पाइँदैन।**

योजना सम्झौतादेखि फरफरामसम्मका झन्झटमा व्यक्तिगत खर्च र समयको ववार्दी सम्झैर कसैले काम गर्न रुची नराख्ने वडा-५ का वडाध्यक्ष ज्ञामनाथ कँडेलले बताउनुभयो। समितिमा बसेर काम गर्दा प्राविधिक ज्ञानको अभावलो दायित्व बोक्न नचाहने हुँदा पनि उपभोक्ता तर्सिने गरेका छन्। अध्यक्ष, सचिव र कोषाध्यक्ष बाहेक अन्य सदस्यलाई उपभोक्ता समिति दोहोरिँदा समस्या नआउने गरी व्यवस्थापन गर्नुपर्ने उहाँको भनाई छ।

## आफ्नै प्रशासनिक भवनमा वडा कार्यालय

जननिगरानी संवाददाता
बागलुङ

बागलुङको काठेखोला गाउँपालिका-५ बिहुँले आफ्नै प्रशासनिक भवनबाट सेवा दिन थालेको छ।

वडा कार्यालय स्थापना हुँदा भाडाको घरबाट सेवा दिँदै आएको कार्यालयले बिहुँ पोखरामा आफ्नै भवन निर्माण गरेर सहज ढंगबाट सेवा दिन थालेको हो। स्थानीय तहमा पहिलो पटक निर्वाचित जनप्रतिनिधिले वडा कार्यालय निर्माण थाल्नुभएको थियो।

बिहुँपोखरामा निर्माण भएको प्रशासनिक भवनले छानो कुरिरहेको छ। वडा कार्यालय आफ्नै बलबुतामा तीन बर्षअघि निर्माण थालेको भवनबाट सबै प्रशासनिक काम त हुन्छ तर भवन पुरा भएको छैन्। भवनको पहिलो तल पुरा भए पनि दोस्रो तला पुरा भएको छैनन्।

भवनमा छानो अभाव देखिएको छ। "हामीले बजेटका लागि कयौं ठाउँमा गुहार माग्दा कहिँबाट नपाएपछि वडाकै बजेटबाट भवन बनाएका हौं'-निवर्तमान वडाध्यक्ष शिव प्रसाद कँडेलले भन्नुभयो- "दोस्रो तला बने वडालाई सुविधा सम्पन्न भवन हुन्थ्यो।"

आर्थिक बर्ष २०७६/०७७ बाट वडा कार्यालय भवनको निर्माण सुरु भएको थियो। वडाको बजेट, गाउँपालिकाको तोक आदेशमा प्राप्त बजेट र गण्डकी प्रदेशको स्थानीय पूर्वाधार क्षेत्र बिकास कार्यक्रमको सहयोग गरि ८० लाख रुपैयाँ खर्च भएको छ। ५५ लाख वडा कार्यालय र स्थानीय पूर्वाधार क्षेत्र बिकास कार्यक्रमको २५ लाख अनुदानमा भवन तयार भएको वडा सचिव शिवबहादुर थापाले बताउनुभयो।



काठेखोला गाउँपालिका वडा नम्बर ५ को वडा भवन।
-तस्विर: खिम बहादुर कार्की

**बिहुँपोखरामा निर्माण भएको प्रशासनिक भवनले छानो कुरिरहेको छ। वडा कार्यालय आफ्नै बलबुतामा तीन बर्षअघि निर्माण थालेको भवनबाट सबै प्रशासनिक काम त हुन्छ तर भवन पुरा भएको छैन्।**

भुईंतला र पहिलो तलाको काम सकिएको छ। चालु आर्थिक बर्षको हिउँदे अधिबेशनबाट दश लाख रुपैयाँ गाउँपालिकाले बिनियोजन गरेको काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो।

ढलान गर्न अपुग भए पछि ट्रस हालेर ढलान सरक्षण गर्न सकिने उहाँको भनाई छ। मासिक ७ हजार रुपैयाँ भाडा तिर्दै आएको वडाले भवन बनेपछि भने भाडामा खर्च हुने रकम बिकास निर्माणमा खर्चिने गरेको छ।

गत बैशाखदेखि अधुरै भवनबाट वडा कार्यालयका सेवा प्रवाह हुँदै आएका छन्। वडा स्तरमा हुने सार्वजनिक कार्यक्रमका लागि प्रशासनिक भवनको सभाहल प्रयोग हुन्छ। पहिलो तलामा रहेका ६ वटा कोठामा अध्यक्ष, वडा सदस्य, सचिव र अन्य कर्मचारीको प्रशासनिक कक्ष निर्माण गरिएको छ। भवन परिसरको तारबार, बगैंचाको व्यवस्थापन लगायतका काम बाँकी रहेको थापाले बताउनुभयो।

## काठेखोलाद्वारा क्रिकेटर सुवास सम्मानित



जननिगरानी संवाददाता
बागलुङ

क्रिकेट खेलमार्फत आफ्नो पहिचान बनाई राष्ट्रको इज्जत उचा बनाउन सफल सुवास भण्डारीलाई काठेखोला गाउँपालिकाले ५० हजार नगदसहित सम्मान गरेको छ।

राष्ट्रिय टोली यू-१९ क्रिकेट टिमका सदस्य भण्डारीलाई गृह पालिकाका अध्यक्ष राजु थापाले सोमवार ५० हजार नगदसहित दोसल्ला ओढाएर सम्मान गर्नुभएको हो। भण्डारी काठेखोला गाउँपालिका-१ पालाका स्थायी वासिन्दा हुनुहुन्छ।

यू-१९ विश्वकप छनोटमा नेपाललाई विश्वकपसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेलेकोले पालिकाले भण्डारीलाई सम्मान गरेको गाउँपालिकाका अध्यक्ष थापाले बताउनुभयो। नगद थोरै भएपनि भण्डारीलाई आगामी यात्रा थप मनोबल बढोस् भनेर सम्मान गरिएको थापाले बताउनुभयो।

गाउँपालिकाले खेल क्षेत्रसमेत प्राथमिकता राखेर काम गरिरहेको सन्दर्भमा काठेखोलामा जन्मेर नेपालको प्रतिनिधित्व गरी अन्तर्राष्ट्रियस्तरमा खेलमार्फत देशको नाम राख्न सफल भएकाले खेलाडीलाई सम्मान गर्नु पालिकाको दायित्व भएको पालिकाका उपाध्यक्ष तेजवहादुर थापा तिलकले बताउनुभयो।

काठेखोला गाउँपालिकाका कला, संस्कृति तथा खेलकुद संयोजक टिका संगम विकको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत खगराज गौतमले स्वागत र सूचना अधिकारी मनोज कार्कीले सञ्चालन गरेका थिए।

यू-१९ क्रिकेट टोलीका स्पिनर सुवासले नेपाललाई सन् २०२४ मा श्रीलंकामा हुने विश्वकपमा छनोटमा पुऱ्याउन सानदार प्रदर्शन गर्नुभएको थियो। सुवासले प्रतियोगिताका पाँच खेलमा ४३ ओभर बलिङ गर्दै ११५ रन खर्चेर ७ विकेट लिनुभएको थियो। उहाँले डेब्यू खेलमा सिंगापुरविरुद्ध १० ओभरमा १ मेडनसहित २९ रन खर्चेर २ विकेट लिएभने ब्याटिङमा ८ बलमा १ चौकासहित १२ रनमा अविजित रहनुभएको थियो।

दोस्रो खेलमा कुवेत विरुद्ध विकेट नलिएका सुवासले तेस्रो खेलमा हङकङ विरुद्ध १० ओभरमा ३ मेडनसहित १० रन खर्चेर २ विकेट लिनुभएको थियो। उक्त खेलमा सुवासले ६० मध्य ५१ बल डट राख्नुभएको थियो। उहाँले चौथो खेलमा मलेसिया विरुद्ध ९ ओभरमा ३२ रन खर्चेर १ विकेट लिनुभएको थियो। यस्तै अन्तिम तथा निर्णायक (पाँचौं) खेलमा घरेलु टोली युएई विरुद्ध १० ओभरमा ३९ रन खर्चेर २ विकेट लिनुभएको थियो।

सुवास गण्डकी प्रदेशको टिमका नियमित खेलाडी समेत हुनुहुन्छ।

## काठेखोला गाउँपालिकाका जनप्रतिनिधिहरुको सम्पर्क नम्बर

### पालिका अध्यक्ष र उपाध्यक्ष

अध्यक्षः राजु थापा
(९८५७६७१००१)
उपाध्यक्षः तेज बहादुर थापा
(९८५११९६४९०)

### प्रमुख प्रशासकीय अधिकृत

खगराज गौतम
(९८६७९७०७३४)

### प्रबक्ता

टिका संगम वि.क.
(९८५७६७७००९)

### कार्यपालिका सदस्य

देवी थापा मगर
९८४७७५३६७१
भूमा देवी पुन
९८४७६३१३२१
पूर्णमाया सुनार
९८४७६५६९०४
सुन्तली वि.क.
९८५७६७७०११
गिता देवी वि.क.
९८४७७८९५०५

### वडाअध्यक्षहरु

वडा नम्बर १
अध्यक्षः खडक बहादुर थापा
(९८५७६२१८०१)
वडा नम्बर २
अध्यक्षः विद्यापति शर्मा
(९८५७६२११८२)
वडा नम्बर ३
अध्यक्षः कुल बहादुर विक
(९८५७६३७०४२)
वडा नम्बर ४
अध्यक्षः लक्ष्मण पुन
(९८५७६३४२५३)
वडा नम्बर ५
अध्यक्षः ज्ञामनाथ कंडेल
(९८५७६३४६५२)
वडा नम्बर ६
अध्यक्षः बृहस्पती शर्मा
(९८५७६२५६८६)
वडा नम्बर ७
अध्यक्षः प्रेम बहादुर जि.सी.
(९८५७६२०८४४)
वडा नम्बर ८
अध्यक्षः प्रमानन्द कंडेल
(९८५७६२०५६२)

# ‘सदृश्य पर्दा’ भित्रका दृश्यहरू



समिक्षा

डा. कुसुमाकर शर्मा गौतम

**समीक्षा गर्भः**

खेमराज पोखरेल र विश्वराज अधिकारी कृत ‘सदृश्य पर्दा’ मेरो कम्प्युटरको स्क्रीनमा छ । हुन त उहाँ दुवै जनासँग मेरो भौतिक भेटघाट र चिनाजानी छैन । तथापि साहित्यिक कार्यक्रम र सङ्गोष्टि मार्फत अभौतिक चिनजान बाक्लै छ । त्यही नाताले विश्वराज अधिकारीबाट विद्युतीय हुलाकमार्गमार्फत सदृष्य पर्दा मैले पाएँ । मैले यो कथासङ्ग्रह पढ्नु छ र यसको बारेमा पाठकीय धारणा पनि राख्नु छ । पढ्ने चाहना तीव्र छ । यसका साथसाथै यसको टीका टिप्पणी गर्ने चुनौती पनि छ । किनभने यो सङ्ग्रहमा समेटिएका कथाहरू यौनकथाहरू हुन् ।

कृतिकार द्वयले नेपाली साहित्यमा अपरिहार्य तर संवेदनशील विषय - ‘यौन’ यस कथासङ्ग्रहमा लिएका छन् । यस विषयमा नेपाली साहित्यमा रहेको खडेरीमा यो कृतिले राम्रै स्थान ओगट्ने आँकलन गर्न सकिन्छ ।

**शीर्षक र कलेवरः**

कथा सङ्ग्रहको नाम ‘सदृश्य पर्दा’ हो । ‘सदृश्य’ शब्द न संस्कृत भाषामा छ, न त नेपाली भाषामा भेटिन्छ। हिन्दी भाषाको शब्दकोशमा पनि यो शब्द छैन । तर नेपाली भाषा निर्माणको विधानअनुसार ‘दृश्य’ शब्दमा ‘स’ थप्दा वैयाकारणीय हिसाबले ‘सदृश्य’अशुद्ध हुँदैन भन्ने सुझाव भाषा विज्ञहरू दिएको जनाउँछन् खेमराज पोखरेल । यसको अर्थ बिना छेकबार स्पष्ट देखिने हुन आउँदछ । यसैगरी नयाँ नयाँ शब्दका शीर्षक खोज्नमा खेमराज पोखरेल पोख्त छन् भन्नमा अत्युक्ति नहोला ।

कालो - निषेधको रङ्ग र रातो - प्रेमको रङ्गको समिश्रणको भुइँमा महिला र पुरुषको छवि छ । महिला निधारको टीका समेत देखिने पर्दा भित्र छे भने पुरुष वासनामा लिप्त देखिन्छ । तर पर्दा सदृश्य भएकाले सबै कुरा स्पष्ट देखिएका छन् । कथासङ्ग्रहको नाम सदृश्य पर्दा सबैभन्दा माथि राखिएको छ । त्यसको मुनि कथाकार द्वयका नाम छन् । यति उत्कृष्ट आवरणका सिर्जनाकार अमित घिमिरे हुन् । पृष्ठ आवरणमा श्रीओम श्रेष्ठ रोदनको टिप्पणी छ ।

किताबको ले-आउट केदार आचार्यको छ । शिखा बुक्सले प्रकाशन गरेको कृतिको वितरक ज्ञान ज्योति बुक्स पब्लिकेसन प्रा. लि. हो। किताबको मूल्य रू. ३१५।- छ ।

यस कथा सङ्ग्रहलाई दुई भागमा बाँडिएको छ । पहिलो भागमा खेमराज पोखरेलका ६ वटा कथाहरू छन् भने दोस्रो भागमा विश्वराज अधिकारीका ६ वटा कथाहरू छन् ।

यस कथासङ्ग्रहको भूमिका मन्दिरा मधुश्री र अनुपम रोशीको रहेको छ । कथासङ्ग्रहको अन्त्य भागमा कथाहरूका रचना गर्भ र कथाकार द्वयको परिचय छ ।

**विशेषता र चुनौतीः**

यौन विषयमा साहित्य लेख्नु चुनौतीपूर्ण हुन्छ । किनभने हाम्रो समाज यौनका मामलामा त्यति खुला छैन । यौन समाजका हरेक व्यक्तिको जीवनमा अपरिहार्य छ । हिन्दु दर्शनका चार आधारहरू - काम, क्रोध, लोभ, मोह मध्ये काम भनेकै यौनसँग सम्बन्धित छ । तर यौनका बारेमा खुलस्त रूपमा कुरा गर्न, लेख्न र एक आपसमा छलफल गर्न त्यही समाजले बन्देज लगाउँछ । त्यही भएर पनि यो संवेदनशील बनेको हो । कृतिकार द्वयको हालको बसाइँ अमेरिकामा छ । र जीवनको प्रौढ अवस्था (साठी वर्षभन्दा माथि) हुनुहुन्छ । ‘परदेशिएका बूढाहरू पात्तिएछन् !’ भन्ने आक्षेप आउने सम्भावना पनि छ। पङ्क्तिकारको बसाइँ पनि क्यानाडामा छ । ‘देशबाहिर भएकाले जे पनि लेख्ने ?’ भन्ने प्रश्न पाङ्क्तिकारले पनि बेहोर्नु पर्ने पनि हुन सक्छ ।

यस कथासङ्ग्रहको भूमिकामा मन्दिरा मधुश्रीले यौनकथालाई तीन विषयमा बाँडेकी छिन्। यी तीन विषयहरू हुन् - यौन दर्शन, यौन मनोविज्ञान, र यौन अपराध। नेपाली साहित्यमा पाइने यौनजन्य सिर्जनाहरूमा यौन मनोविज्ञानको बाहुल्य छ। यौन दर्शनको बीउ भेट्न पनि कठिनाइ छ। खेमराज पोखरेलका कथाहरूले यौन दर्शन बोकेका छन् भने विश्वराज अधिकारीका कथाहरूले यौन मनोविज्ञान बोकेका छन् ।

**व्यक्तित्व कृतित्वः**

खेमराज पोखरेल र विश्वराज अधिकारी नेपाली साहित्यमा नयाँ नाम होइनन् । वि. सं. २०३९ मा साहित्यमा जोडिएका खेमराज पोखरेलले नेपाली साहित्य भण्डारमा लघुकथासङ्ग्रह, कथासङ्ग्रह, कवितासङ्ग्रह, नियात्रासङ्ग्रह, निबन्ध सङ्ग्रह, समीक्षासङ्ग्रह सहित पन्ध्रवटा कृति थपिसकेका छन् । प्राध्यापनबाट सेवा निवृत्त उनी हाल पूर्णतः साहित्य सेवामा तल्लीन छन् ।


अमेरिकाको ओक्लोहोमा राज्यमा प्राध्यापन गर्दै गरेका विश्वराज अधिकारी बहु प्रतिभाशाली साहित्यकार हुन् । सूर्य लघुकथासङ्ग्रहसहित नेपाली साहित्यमा हामफालेका विश्वराज अधिकारीले लघुकथासङ्ग्रह, कथासङ्ग्रह, छोटा कथासङ्ग्रह, गीतसङ्ग्रह, नियात्रासङ्ग्रह, निबन्ध सङ्ग्रह, संस्मरण, धार्मिक ग्रन्थका व्याख्या, अनुभव एवं दृष्टिकोणसहित बीस कृति नेपाली साहित्यको भण्डारमा थपेका छन् ।

===

**कथासारः**

भिँजेको ओछ्यान

पहिलो कथामा खेमराज पोखरेलले हिमेश सत्याल र अनामिका पटेल बीचको सम्बन्धलाई कथा बनाएका छन् । नेपालबाट सपरिवार अमेरिका आएको हिमेशसँग श्रीमतीले पारपाचुके गरेपछि एक्लै बस्दै आएको हुन्छ । हिमेशसँग अनामिकाको भेट हिमेशकै कार्यालयमा हुन्छ । असी वर्षीय आफ्नो श्रीमानसँग असन्तुष्ट अनामिकाले हिमेशसँग सम्बन्ध अघि बढाउँछे । एक वयस्क महिला र एक वयस्क पुरुष बीच हुनु पर्ने सामान




तहको सम्बन्ध र समभोग यसमा देखाइएको छ । पुरुष प्रधान समाजमा पुरुषले स्त्रीको चाहना विपरित यौनाकाङ्क्षा पूरा गर्छ । तर स्त्रीले जब यौनाकांक्षा राख्छे तब पुरुष अशक्त भइदिन्छ । यस्तो अवस्थामा स्त्रीले आफ्नो यौनाकाङ्क्षा स्वच्छन्द रूपले पूर्ति गर्न पाउनुपर्छ । हिमेश र अनामिका मार्फत यो कथाले पुरुष र स्त्री बीचको यौन सम्बन्ध समतृप्तिको आधारमा हुनु पर्छ भन्ने दर्शन दर्शाउँछ ।

**रतिरहस्य**

यस कथामा अमेरिका पुगेको श्याम पूर्वीय संस्कारको मारमा यौन चाहना व्यक्त गर्न सक्दैन । तर ऊ आफ्नो र नेपालमा रहेको श्रीमतीको दमित यौन इच्छा बारेमा कल्पना गर्न पछि पनि पर्दैन। कामाग्नी बढेको बेला श्यामले सपनामा पौराणिक कथाका पात्रहरू कामदेव र रतिको वार्ता देख्छ । महादेवले छलेर रतिको सतीत्व लुटेपछि आफू सम्भोग गर्न अयोग्य भएको कुरा रतिले कामदेवलाई सुनाउँदै कामदेवलाई जालाउन तयार भएको ज्वालाग्नीमा प्रवेश गर्छिन् । श्यामले मानव प्रतिनिधि बनेर रतिरहस्य बारेमा सोध्छ । त्यसैको उत्तरमा रतिले ‘योनी अपवित्र हुन सक्दैन । किनभने संसारको सृष्टि योनीबाट नै हुन्छ । अनि योनी भन्नु देवत्व हो । वीर्य गौण हो, गर्भाशय नै सृष्टि को स्रोत हो’ भन्छिन् । यही दर्शन बुझ्न नसकेकाले मान्छे जिन्दगीभर रतिरहस्यको पछाडि दौडिरहन्छ ।

**अबन्दी**

यस लघुकथामा अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा भाग लिन अमेरिका पुगेकी कवयित्री वन्दना ‘बन्दी’ विवाहेत्तर सम्बन्ध राख्न पुग्छिन् अर्को साहित्यकार राजाराम ‘बिन्दास’ सँग । नेपाल छँदासम्म विवाहेत्तर सम्बन्धलाई गलत ठान्ने वन्दनाले राजारामबाट ‘विवाह भनेको प्रणय हो । प्रणय भनेको श्रीमान् र श्रीमती एक-अर्कामा अन्तरघुलन हुने हो । यौन नै त्यस अन्तरघुलनको योजक हो । यदि श्रीमान् वा श्रीमती आफ्नो सम्बन्धमा पूर्ण सन्तुष्ट छैनन् भने यौन सन्तुष्टिका लागि विवाहेत्तर सम्बन्ध राख्दा अनुचित हुँदैन ।’ भन्ने ज्ञान पाउँछिन् । र उनी राजारामसँग सम्बन्ध राख्न पूर्वीय संस्कारबाट अबन्दी बनेर अगाडि बढ्छिन् ।

**ग्वापो अमिगो**

यस कथामा अमेरिका लगिएका विधुर मिस्टर उपाध्याय एक्लिएर पार्कमा घुम्न गएको बेलामा एक जना भारतीय महिला भेट्छन् । महिला पनि एक्ली र झण्डै समवयी भएकीले अमेरिकामा एक्लै कसरी जीवन बिताउने भन्ने प्रश्न मिस्टर उपाध्यायले गर्छन् । ब्वाइफ्रेन्ड-गर्लफ्रेन्डका लागि प्रस्ताव पनि गर्छन् । ती महिलाले त्यो प्रस्ताव ठाडै अस्वीकार गर्दै प्रौढ नागरिकका लागि अमेरिकामा सरकारले नै स्वीकृति दिएका प्रौढ मनोरञ्जन केन्द्रका बारेमा जानकारी दिन्छिन् । त्यस्ता मनोरञ्जन केन्द्रले प्रौढहरूका सुख दुःखका गन्थन सुनिदिने, पट्यार लाग्दा विगतको कथा सुनिदिने, अनि प्रौढमा आउने आवेगलाई समन गरिदिने व्यवस्था पनि हुन्छ भन्ने जानकारी पनि दिइन् ।

अर्को दिन ती महिलाले मिस्टर उपाध्यायलाई शहरको एक प्रौढ मनोरञ्जन केन्द्रमा लगेर त्यहाँकी परिचारिका मेरीलाई सुम्पिन्छिन् । अमेरिकामा भएको यौन उदारताले नेपाल जस्तो विधुर वा विधवा भएर जिन्दगी भर कुण्ठित भएर बाँच्नुकोसट्टा जीवनको पूर्ण उपभोग गर्न दिन्छ । मेरीले मिस्टर उपाध्यायलाई स्वागत गर्दै मेक्सिकान भाषामा ग्वापो अमिगो (ह्यान्डसम साथी) भनेर स्वागत गरेको शब्दबाटै कथाको शीर्षक रहेको छ ।

**बेसाहा लोग्ने**

यसमा अमेरिकाको अर्कै शहरबाट लिभिङ टुगेदर (विवाह नहुँदै केटा र केटी सँगै बस्ने चलन) का लागि आएकी देवयानी र क्रिसको सम्बन्धको कथा छ। दुवैका आ-आफ्ना परिवार नेपालमै छन् । यस लिभिङ टुगेदर सम्बन्धमा यौन लगायत सबै गतिविधि संलग्न छन् । तैपनि पहिलो भेटमा मन नपराए कसैले पनि अस्वीकार गर्न सक्ने सहमति छ ।

क्रिसले आफूले सोचे जस्ती केटी नपाएकाले देवयानी सँग भेटको पहिलो रातमै सुत्न अनिच्छा व्यक्त गर्छ । यसैका जवाफमा देवयानीले भन्छे - “जीवन कथाहरूको सँगालो हो र ती कथाभित्र थुप्रै उपकथा हुन्छन् । तर यी कथा, उपकथाहरू स्वार्थले जन्मिएका हुन्छन् । सम्बन्ध भनेको स्वार्थको सन्तुलन हो । आऊ एकबारको जुनीमा सबै कुराको भोग गरौं । यो सम्झ आजको रात म तिम्रो बेसाहा श्रीमती र तिमी मेरो बेसाहा लोग्ने ।

**बिगडल छौंडा**

मैथली समाजमा स्थापित धनी परिवारको बिग्रेको सन्तान जीवनाथ अमेरिका छिरेपछिको कथा यसमा छ । उसले अमेरिका बसेर व्यापार गर्यो, लगानी गर्यो। तर व्यापारमा सधैंको चिन्ताले एउटा जागीर खोज्यो । जुन ठाउँमा जागीर खान थाल्यो, त्यो ठाउँको हाकिम नेपाली आइमाई नै रहिछ अर्चना नाम गरेकी । एकदिन हाकिमले जीवनाथ कफी पिउन घरमै बोलाउँछे । त्यो भेटमा उसले कफीको सट्टा बियरले स्वागत गर्छे । नशा चढ्दै गए पछि उसैले सहवासको प्रस्ताव गर्छे । सहवासको क्रममा आफ्नो कथा पनि सुनाउछे । सुहागरातमा श्रीमानसँग आफुले विवाहपूर्व राखेको यौन सम्बन्धका कुरा राखेपछि उसले अर्काकी श्रीमती जस्तो व्यवहार गरेर मानसिक पीडा पाएको । र त्यसकै कारणले श्रीमान्सँग पारपाचुके गरेर र फुक्काफाल भएकी रहिछ । लोग्ने मान्छेले विवाह पूर्व यौन सम्बन्ध राख्न हुने । तर स्वास्नीमान्छेले राख्दा किन अपच्य ? यही विषयलाई लिएर यो कथा लेखिएको छ ।

**मिलनुआ**

भाग दुईको पहिलो कोशेली विश्वराज अधिकारीले तराईको गाइने समाजमा घटेको घटनालाई कथा बनाएका छन् । उनको यस कथामा आफ्नो श्रीमानबाट यौनाकाङ्क्षा पूर्ति नहुँदा विगना हजराकी श्रीमतीले आफ्नो माइती गाउँको मिलनुआ (प्रेमीलाई) गाउँलेभाइ बनाएर घरमा ल्याउँछे । राति श्रीमानसँगै सुतेको बेला मिलनुआसँग सम्भोग गर्छे । मनोविज्ञानमा आधारित यो कथाले त्यस समाजमा रहेको संस्कृति झल्काउँछ ।

चमचोर

तराईको जनजीवन विधुर विधवाले कसरी समाजको आँखा छलेर आफ्नो यौन चाहना पूर्ति गर्छन् भन्ने विषयवस्तुमा यो कथा उनिएको छ। विशेष गरी विधुरहरूले आफ्नो प्रतिष्ठा र धनको आडमा विधवाको शरीरको उपभोग गर्नेछन् र चमचोर बन्छन् । आफै चमचोर र आफै पञ्च भलाद्मी भएपछि समाज पनि तैं चुप मै चुपको मनोविज्ञानले कथा भरिपूर्ण छ ।

**सतभतरी लछमिनिया**

अहिले अमेरिका बस्दै गरेका रौतहटको बालपुरका असी वर्षिय मगँरूको संस्मरणमा यो कथा लेखिएको छ। उनले पचास साठी वर्ष अघिकी लछमिनियालाई सम्झँदै छन् । जसले गाउँका युवा, जवान, वृद्ध, धनी, यौन चाहना भएका तर व्यक्त गर्न नसक्ने सबैलाई यौन कार्यका लागि सहभागी मिलाइदिन्थी । त्यो पनि कसैले पनि चाल नपाउने गरी । लछमिनिया विरुद्ध पञ्चायतमा परेको उजुरीको समर्थनमा स्कूलका प्रधानाध्यापक उभिए पनि लछमिनिया बिरुध्द कसले निर्णय गर्न सक्ने ? यौनका भोकाहरूको निम्ति सेतु बनेकी लछमिनिया सबैकी धरोहर जो थिई ।

**अचम्मको सुहागरात**

यो कथा युवावस्था देखिका प्रेमी कैलशबा र एतबरियाको हो । उमेर नपुगेका र फरक जातका भएकाले कैलशबाको विवाह गरौं भन्ने प्रस्ताव एतबरियाले ठाडै अस्वीकार गरेकी थिई । पाँच वर्षपछि कैलशबा वीरगञ्जबाट गाउँ जाँदा घरकी भौजीको मुखबाट एतबरियाको त्यसै दिन गौना (विवाहित छोरीलाई माइतीबाट घर पठाउने उत्सव) हुन लागेको खबर उसले पायो । तर कैलशबाले जसरी भएपनि एतबरियालाई भेट्न मन लागेको कुरा भौजीलाई भन्यो । भौजी एतबरियाको घरमा पुगेर खबर सुनाइदिन्छिन् । गौनाको काम बीचमा छोडेर एतबरिया कैलशबालाई भेट्न आई र सुहागरात मनाएर गई ।

**रौताइन, बा र म**

यो कथामा म भन्ने पात्र र उसको बाको यौन मनोविज्ञान बडो रोचक ढङ्गले प्रस्तुत भएको छ । वीररगञ्जबाट हिँडेर चन्द्रनिगाहपुर जाँदा बाटामा पर्ने राउतको चियापसलमा दुईजना रोकिन्छन् । चियापसलमा राउत नभएर रूप र बान्की मिलेकी रौताइन हुन्छे । कुरकुरे बैंस लागेको म पात्र र उसका बा दुवै रौताइनको कामुक शरीर देखेर मन्त्रमुग्ध हुन्छन् । तर यायावर को कामै हिँड्नु हो । चियापसलबाट टाढा भए पनि रौताइनको रूप र लावण्यले बाबु छोरालाई दुवैलाई छोडे न।

===

**भाषाः**

यौन साहित्यमा भाषाको महत्त्वपूर्ण स्थान हुन्छ । हाम्रो समाज एक्काइसौं शताब्दीमा पनि यौनका बारेमा खुला रूपमा छलफल, वार्ता गर्न सक्दैन । यस्तो अवस्थामा साहित्यकारलाई यौन साहित्य लेख्दा भाषाको सीमा थाहा हुनु पर्छ । कुन श्लील र कुन अश्लिल हो भन्ने कुराको हेक्का रहनु पर्छ । साहित्यकारको लागि यो एउटा चुनौती हो ।

सदृश्य पर्दा पढ्दा कथाकार द्वयले भाषाको मर्यादा राखेका छन् भन्ने मेरो मान्यता छ । म मात्रै नभएर साहित्यकार तथा गोरखापत्रका पूर्व प्रधान सम्पादक श्रीओम श्रेष्ठ ‘रोदन’ भन्छन्, ‘यौनकथा भन्नासाथ भद्दा र अश्लिल विषयको प्राधान्य रहने गरेकोमा ‘अदृश्य पर्दा’ का कथाहरू स्वाभाविक र पूर्ण श्लील छन् ।’

सङ्गहित कथाहरू सलल अगाडि बढेका छन् । भाषा बोधगम्य छ । यसै त दर्शनको भाषा सरल हुँदैन । तर खेमराज पोखरेलले आफ्ना कथामा त्यो अनुभव हुन दिंदैन । विश्वराज अधिकारीका कथाहरू सामाजिक परिवेशका भएकाले सरल भाषाका छन् । तराईको मधेशी लवज छ, सुवास छ । यसले

.............बाँकी ६ पेजमा



चैते दशैंको अवसरमा बागलुङ बजारमा आयोजित चैत्राष्टमी मेलामा विक्रीको लागि ल्याइएको नाङ्लो विक्री गर्दै व्यवसायीहरू । चैत्राष्टमीमा गाउँ-गाउँबाट घरेलु उत्पादनहरु विक्रीको लागि बागलुङ बजार ल्याइने गरिन्छ । -तस्विर: सिर्जना कार्की

# बाउन्न जिल्लाका विद्यार्थीले पढ्ने बहिरा विद्यालय

**जननिगरानी संवाददाता**
**बागलुङ**



बागलुङको धौलागिरि बहिरा आवासीय माविमा नि:शुल्कआवासीय सुविधासहित बाहिरा बालबालिकाले अध्ययन गर्दै आएका छन् ।

देशभरका ५२ जिल्लाबाट बहिरा बालबालिका अध्ययनको लागि बागलुङ आएका हुन । सरकारले बहिरा विद्यार्थीको लागि उपलब्ध गराउने मासिक छात्रवृत्ति रकमबाट विद्यालयले खाना र बस्नको व्यवस्थापन गरेको हो ।

दशै तिहार र बर्खे विदामा घर जाने विद्यार्थी अन्य समयमा छात्राबासमै बसेर अध्ययन गर्छन । भौगोलिक रुपमा टाढा घर भएका बालबालिका दशै तिहार विदा बाहेक अन्य विदाको समयमा घर जाँदैनन् । घर जान र आउन बढी खर्चे हुने भए पछि विद्यार्थी घर नजाने प्रधानध्यापक रेशम श्रीसले जानकारी दिनुभयो । विदाको समय घर नजाने विद्यार्थीको लागि विद्यालय प्रशासनले छात्रावासमै खाने र वस्ने सुविधा दिएको छ ।

बहिरा विद्यालयका कक्षा ८ देखि १३ सम्म कम्प्युटर इन्जिनियरिङ्ग विषयमा पठन पाठन हुन्छ । कक्षा १-१० मा २१० जना र ११-१३ (डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ्ग) मा ८५ जना विद्यालय अध्ययनरत छन् । कक्षा १-१० का विद्यार्थीले पूर्ण छात्रावासको सुविधा पाएका छन् । माथिल्लो तहकामा अध्ययन गर्ने विद्यार्थी बाहिर बस्ने गरेका प्रधानध्यापक श्रीसको भनाई छ ।

हुर्किसकेका विद्यार्थीलाई छात्रावासमा राखेर पढाउन व्यवस्थापकीय समस्या आएको हुँदा भाडा गरी बस्ने गरेको श्रीसले बताउनुभयो । डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ्गको लागि सिटिइभीटीले स्वीकृति दिएको हो । सिटिईभिटीले आङ्गिक क्यामपसको रुपमा मान्यता दिएको हुँदा माथिल्लो तहका विद्यार्थीलाई छात्रावृत्ति र शिक्षक र सांकेतिक भाषा प्रशिक्षकको दरबन्दी उपलब्ध गराएका छ ।

विद्यालयमा सबै भन्दा टाढा सुदर क्षेत्र डोल्पा, पूर्वीझापादेखिका विद्यार्थीले पढ्दै आएका छन् । डिप्लोमा तहको लागि जनशक्ति व्यवस्थापन सिटिईभीटीले गरे पनि कक्षा १-१० मा दरबन्दी उपलब्ध नहुँदा विद्यालयलाई आर्थिक बोझ थपिएको व्यवस्थापन समितिका अध्यक्ष केवी राना मगरले बताउनुभयो । कुल २७ जना शिक्षक कार्यरत छन् । जसमध्ये सात जना प्रावि दरबन्दी बाहेक अन्य दरबन्दी छैनन् । आवासीय विद्यालय भएको हुँदा विद्यालयमा नर्स अनिवार्य आवश्यकता भएको अध्यक्ष रानाले बताउनुभयो ।

'हामीलाई विद्यालय नर्स अनिवार्य छ' उहाँले भन्नुभयो -'साना साना बच्चाहरु रातबेला विरामी हुँदा धेरै समस्या हुने गरेको छ ।' बागलुङ नगरपालिकामा नर्स कोटा माग गरे पनि पुरा नभएको उहाँको भनाई छ । नगरपालिकाले आवश्यकताको आधारमा कोटा विभाजन गर्नुपर्ने रानाले बताउनुभयो । 'सिंगो देशको उपस्थित यस विद्यालयमा छ' उहाँले भन्नुभयो-'समाजबाट बहिस्कार, अपहेलना र विभेदमा परेका बालबालिकाको संरक्षण गर्नु राज्यका दायित्व हो ।' दोभाषे उत्पादनको

.............बाँकी ६ पेजमा

## साप्ताहिक खेल खबर

# पुलिसलाई कालिका कपको उपाधि



**जननिगरानी संवाददाता**
**बागलुङ**

नेपाल पुलिस क्लबले कालिका कप खुल्ला पुरुष भलिबल प्रतियोगिताको उपाधि जितेको छ ।

कालिका भगवती गुठी व्यवस्थापन समिति बागलुङले चैत्राष्टमी मेला २०७९ मा आयोजना गरेको प्रतियोगिताको शुक्रबार सम्पन्न फाइनल खेलमा पुलिसले घुम्टे युवा परिवार गलकोटलाई ३-२ को सेटमा पराजित गर्दै उपाधि जितेको हो ।

घुम्टेले पहिलो र तेस्रो सेट जितेको थियो । पुलिसले दोस्रो, चौथो तथा निर्णाय एवंम् पाँचौ सेट आफ्नो पक्ष पार्दै उपाधि जितेको हो । पुलिसले पहिलो १८-२५ ले गुमाएको थियो भने दोस्रो सेटमा २५-१९ को सहज जित निकालेको थियो । तेस्रो सेटमा २२-२५ ले गुमाएको पुलिसले चौथो सेटमा २५-२३ र पाँचौं सेटमा १५-९ को जित निकाल्दै च्याम्पियन बन्न सफल भयो ।

उपाधिसँगै च्याम्पियन पुलिसले ३ लाख रुपैयाँ प्राप्त गर्यो । घुम्टेले १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्यो । प्रतियोगितामा हिलसाइड निर्माण सेवाको निलो तेस्रो र सेतो चौथो भएको छ । दुवै टोली एउटै क्लबका भएकाले क्लबको चाहना अनुसार निलोलाई तेस्रो र सेतोलाई चौथो घोषणा गरिएको आयोजकले जनाएका छन् । तेस्रो टोलीले ७० हजार रुपैयाँ प्राप्त गरे ।



पुलिस क्लबका विशाल बहादुर विक सर्वोत्कृष्ट खेलाडी घोषित भएर उनले १० हजार रुपैयाँ प्राप्त गरे । परम्परागत रुपमा हरेक वर्ष हुँदै आएको चैत्राष्टमी मेला यस वर्ष चैत्र १३ गतेदेखि १७ गतेसम्म आयोजना गरिएको थियो ।

मेलामा अयोजना गरिएको कालिका कप खुल्ला भलिबल प्रतियोगितामा १३ टोलीको सहभागिता थियो ।




## विश्वमा.................

अमेरिकामा एक राज्य र अर्को राज्यका कतिपय नीतिहरुमै फरक छ। पाकिस्तानमा पनि तुलनात्मक रुपमा राजनीतिक इमानदारी नहुँदा संघीयताको फल त्यहाँका जनताले नपाएको विभिन्न अन्तर्राष्ट्रिय सूचकले देखाउँछ। भारत ठूलो राज्य छ। तर संघीयता भएकै कारण विखण्डनको जोखिमबाट हालसम्म बचेको छ।

**नेपालमा संघीयताको अवस्था**

२००७ सालमा प्रजातन्त्र आएपछि देशमा अमनचयन र राजनीतिक रुपमा चेतना अभिवृद्धिमात्रै होइन मुलुकमा विकासको गति पनि तीव्र हुने अपेक्षा गरिएको थियो। तर, त्यसबेलादेखि नै आन्तरिक राजनीतिक खिचातानी तथा वैदेशिक स्वार्थबीच रहेको नेपालमा २०१७ सालबाट पञ्चायती शासन व्यवस्था चल्यो। २०३६ सालमा भएको जनमत संग्रहमा सुधारिएको पञ्चायतको पक्षमा बहुमत आएपछि पुन: प्रजातन्त्र प्राप्तिको विषय त्यही अड्कियो। २०४६ सालमा भएको जनआन्दोलनको बलमा प्रजातन्त्र पुन:स्थापना भयो। नयाँ संविधान पनि जारी गरियो। तर, उक्त संविधानप्रति असन्तुष्टि जनाउँदै तत्कालीन माओवादीले २०५२ फागुन १ देखि सशस्त्र युद्धको सुरु गर्‍यो। त्यसपछि १० वर्ष देशले युद्धको नियति भोग्यो। उक्त समयमा १७ हजारले ज्यान गुमाए। माओवादीले युद्ध सुरु गर्दा संविधानसभाबाट संविधान बनाउने, गणतन्त्र ल्याउने, राजतन्त्रको अन्त्य, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिलगायतका मुद्दा उठाएको थियो।

२०५८ जेठ १९ मा भएको तत्कालीन राजा वीरेन्द्र शाहको वंशनाशले देशको राजनीतिलाई थप तरंगित बनायो। त्यसपछि ज्ञानेन्द्र शाहले कार्यकारिणी अधिकार आफ्नो हातमा लिँदै राजनीतिक दलहरुलाई बन्देज गर्ने तथा विद्रोही माओवादीलाई दमन गर्ने नीति लिए। फलस्वरुप तत्कालीन सात राजनीतिक दल र माओवादीबीच भारतको नयाँ दिल्लीमा २०६२ मंसिरमा १२ बुँदे सम्झौता भयो। त्यसको एक वर्षपछि २०६३ मंसिर ५ मा विस्तृत शान्ति सम्झौता भयो। यो नै नेपालको संघीयताको प्रमुख आधार थियो। संघीयता आउनुमा २०६४ मा भएको मधेस आन्दोलन पनि एउटा कडी हो। यता अन्तरिम संविधान बनेको थियो। जुन संविधानसभाबाट बन्ने संविधानकोआधारभूत दस्तावेज थियो। त्यहाँ आफ्ना अधिकारलाई सुनिश्चित गर्न मधेसी जनताले बृहत आन्दोलन गरे। अन्तत: यसैले नेपालमा संघीयताको जग बसाउँदै धर्म निरपेक्षतालाई कार्यान्वयन गर्न बाध्य बनायो।

**जग नबस्दै नेपालमा किन संघीयताको विरोध ?**

सुरुमा खुलेर स्वागत गरिएको संघीयताप्रति नेपालमा अहिले विरोधका आवाज सुनिन थालेका छन्। राजसंस्थाको वकालत गर्ने राप्रपाका अध्यक्ष राजेन्द्र लिङदेनका अनुसार नेपाल भौगोलिक रुपमा सानो, स्रोतसाधन थोरै भएको र विदेशी अनुदान तथा ऋणमा निर्भर भएकाले संघीयता खर्चिलो व्यवस्था हो। संघीयता एउटा राजालाई हटाएर सयौं 'राजा' हुने परिपाटी बनेको उनको टिप्पणी छ। संविधानविद् भीमार्जुन आचार्यले एक अन्तर्वार्तामा भनेका थिए, 'संघीय व्यवस्था नराम्रो नभएको तर त्यसलाई हाँक्ने शासकमा भएका मानवीय कमजोरीले संघीयता व्यवस्था नै नराम्रो भएको अवस्था सिर्जना गरेको हो।'

अधिकार प्रत्यायोजन गर्दा स्थानीय तहदेखि नै देखिएका भ्रष्टाचार, दण्डहीनता, जवाफदेही नहुनु, विकास निर्माण चुस्त नहुनु, विधिको शासन कमजोर हुनु, सुशासन कायम गर्न चुक्नु, राजनीतिमा योग्यभन्दा नातावाद र कृपावाद हावी हुनु जस्ता विषयले जनतामा संघीयताप्रति चरम निराशा पैदा भएको छ। व्यवस्था परिवर्तन भए पनि जनताको अवस्थामा केही सुधार नहुँदा पनि उनीहरु संघीयतामाथि नै प्रश्न उठाउँदैछन्। व्यवस्था परिवर्तनको परिणतिस्वरुप केन्द्र र प्रदेश तहमा सयौं सांसद र मन्त्रीको बढ्दो संख्याले गर्दा संघीयताले खर्चमात्रै बढाएको जनताको गुनासो छ। संघीयताले आफूहरुमाथि करको बोझमात्रै थपिएको उनीहरुको आरोप छ। त्यस्तै हिजो सीधै केन्द्रमा आफूहरुको पहुँच भएकोमा मुलुक संघीयतामा गएसँगै बीचमा प्रदेशको पर्खाल थपिएको भन्दै जनताले संघीयतामाथि असन्तोष र आक्रोश पोखेका छन्। सयौं सांसद र मन्त्री पाल्नमात्रै भए संघीयता आवश्यक नभएको जनताले विरोध गर्न थालेका छन्।

संघीयता पक्षधरहरु भने यसले गाउँगाउँमा आफ्नो आवश्यकता पहिचान गरी आफैंले उपलब्ध स्रोत साधनमार्फत विकास निर्माण गर्ने अवसर आएको बताउँछन्। नेता र नेतृत्वको व्यक्तिगत स्वभावगत कमजोरी तथा त्रुटिलाई लिएर जग नै नबसेको संघीयताबाट मुलुक फर्कन नसक्ने उनीहरुको तर्क छ। संघीयता कार्यान्वयनमा धेरै खर्च र व्यवस्थापन भइसकेकाले यसका त्रुटि र कमजोरी सुधार्दै अघि बढ्नुको विकल्प नभएको उनीहरु जोड दिन्छन्।

**नेपालमा संघीयता होला त सफल ?**

नेपालमा अहिल्यै संघीयता सफल भयो वा भएन अथवा संघीयतालाई अगाडि बढाउने हो कि यही अन्त्य गर्ने भन्ने बेला भइसकेको छैन। २०७२ बाट नेपालको संविधान जारी भएपछि दोस्रो आम निर्वाचन भएको छ। संविधानमै भएका कतिपय प्रावधानका कारण स्थिर सरकार बन्ने अवस्था भए पनि व्यवहारिक रुपमा कठिन देखिएको छ। राजनीतिक स्थिरता नहुँदा अर्थतन्त्र धराशायी बनेको छ। सत्तामा पुग्ने दलका नेता तथा उच्चपदस्थ कर्मचारीहरुबाट अधिकारको सही सदुपयोग नहुँदा देशले प्रणालीगत सुधार गर्न सकेको छैन।

संघीयता नभएको बेलायतमा संघीय मुलुक जस्तै अधिकारको विकेन्द्रीकरणको उत्कृष्ट नमुना छ। नेपालमा वर्षौंसम्म आवश्यक कानून बन्न नसक्नु, प्रदेश र स्थानीय तहलाई दिइएका एकल अधिकार कार्यान्वयनमा नीतिगत बाधा देखिनु तथा संघले फुकुवा नगर्नु, आर्थिक तथा भौतिक विकासभन्दा राजनीतिक खिचातानीमा समय धेरै खर्चिंदा जनतामा संघीयताप्रति बितृष्णा जागेको हो।

दलका नेताहरु- जो प्रदेशको मुख्यमन्त्री, सभामुख, मन्त्रीलगायत भइसकेकाहरु- नै केन्द्रले तल्लो तहमा अधिकार दिन नचाहिरहेको अभिव्यक्ति दिइरहेका छन्। हिजो संविधानसभामै रहेका ती नेताहरुले मुलुकलाई संघीय व्यवस्थामा लाने निर्णय गर्दै संविधान बनाउँदा कहाँ गल्ती गरिएछ भनेर हेर्दैनन्। संघीयता कार्यान्वयन गर्न संविधान बाधक हो भने संविधान संशोधन गर्न आआफ्नो दल तथा नेतृत्वलाई दबाब दिन भने उनीहरु अघि सरेको देखिँदैन। होइन, संघीयता कार्यान्वयन गर्न दलको नेतृत्व र केन्द्र सरकारमा पुग्ने प्रधानमन्त्री, मन्त्री तथा उच्चपदस्थ कर्मचारीहरुको स्वभाव बाधक हो भने जनतालाई भन्न सक्नुपर्छ, संघीय व्यवस्था होइन हाम्रो राजनीति र कर्मचारीतन्त्र खराब र असफल हो। त्यसविरुद्ध जनता आन्दोलित हुनुपर्छ भनेर भन्न सक्नुपर्छ। तर, एकोहोरो केन्द्रले अधिकार नदिएको गुनासोमात्रै गरेर संघीयता कार्यान्वयनमा आउँदैन। यही अवस्थामा जनता पनि संघीय व्यवस्थाप्रति सकारात्मक बन्न सक्दैनन्। तैपनि जनता संघीयताको फल कुनै वेला अवश्य चाख्न पाउने आशामा बसेका छन्।

राजनीति र व्यवस्था फेरिएसँगै नेपालमा चेतनास्तरको विकास भएको छ। तल्लो तहसम्म नेतृत्व विकास हुनु, स्थानीय तहको स्रोत र साधनको परिचालनमा त्यहीका जनताको सहभागिता हुनु, समावेशीअन्तर्गत सकारात्मक विभेदले पिछडिएका वर्ग मूलधारमा आउनु जस्ता अनगिन्ती सकारात्मक परिवर्तन संघीयताकै देन हो।

संघीयता हरेक नागरिकको अधिकार सुनिश्चित गर्ने प्रणाली हो। नेपाल जस्तो भूगोल र अर्थतन्त्रले सानोमुलुकको लागि संघीयता खर्चालु व्यवस्था पक्कै हो। तर, यसले ल्याउने परिवर्तन पनि कम महत्वपूर्ण छैन। त्यसमाथि प्रणालीको दृष्टिले यो असफल पनि होइन। नेपालको सन्दर्भमा यसका चालकहरु असफल भएका हुन्। त्यसैले कमजोर पक्षलाई सुधार्दै संघीयतालाई आगामी दिनमा झन् परिष्कृत र सफल कार्यान्वयनमा अगाडि बढ्नुको विकल्प छैन।

*नेपालप्रेसबाट साभार।*

## सदृश्य................

भाषा झन् सुन्दर बनेको छ।

**पाठकको नजरमा सदृश्य पर्दा:**

सदृश्य पर्दा लघुकथा सङ्ग्रह पठनीय मात्रै हैन, सङ्ग्रहनीय पनि छ। नेपाली यौन साहित्यमा यौन दर्शन भनेको के हो ? र यौन मनोविज्ञान भनेको के हो ? भनेर उदाहरणसहित कथामार्फत लेखिएको पहिलो साहित्य होला। त्यसैले पनि यो सङ्ग्रहनीय छ। खेमराजको बिन्दुमा सिन्धु देख्न सक्ने विशिष्ट क्षमता कथाहरूमा प्रविष्ट भएको छ। त्यही भएर होला उनले यौन दर्शनको पाटो समातेको। खेमराजका कथाहरू अमेरिकी परिवेशमा लेखिएका छन्। तर मुख्य पात्रहरू नेपाली नै छन्। यसैले सबै कथामा नेपाल र नेपाली जोडिएका छन्। कथाहरू पढ्दै जाँदा उनी पश्चिमी सभ्यता, जीवन र रहन सहनबाट निकै प्रभावित छन्।

यसो भनिरहँदा एउटा कुरा खट्किन्छ। के खेमराजका कथाहरूले अमेरिकामा बसेका नेपाली समाजको प्रतिनिधित्व गर्छन् ? अमेरिका पुगेको नेपाली समाजमा पहिलो पिँढी अझै टर्चलाइटको सहायताले सिरक भित्र यौन पढ्छ। दोस्रो पिँढीमा केही पश्चिमा सभ्यताको असर परे पनि पचास प्रतिशत नेपाली संस्कार गढेको छ। तेस्रो पिँढीमा मात्र खेमराजले कल्पना गरेका पात्र हुन सक्छन्।

मनोविज्ञानमा विश्वराज खप्पिस छन्। उनका कथाहरूका अन्त्य बन्द भावका छन्। यसको मतलब कथा पढिसकेपछि अब के होला भन्ने चिन्ता गर्नु पर्दैन। तर रौताइना, बा र म कथाकी रौताइनको मनोविज्ञानको छनक कथामा छैन। हुनसक्छ उनी यसको दोस्रो भाग निकाल्ने सोचमा छन्। अन्त्यमा, यस लघुकथाले नेपाली साहित्यमा एउटा नयाँ आयाम थप्ने छ भन्ने पूर्ण विश्वास गर्छु। *साहित्यपोष्टबाट साभार।*

## पाँच वर्षदेखि.......

गर्दा घर खर्च चलाउन समस्या भएको स्थानीय गंगा भण्डारीले बताउनभयो। 'हाम्रो मुख्य खेती आलु हो,' स्थानीय भण्डारीले भन्नुभयो- 'मुख्य खेती बँदेलले क्षति पुर्‍याएपछि घर खर्च पुर्‍याउन गाह्रो भएको छ।

## प्रदेशको..............

गर्नुभयो। गण्डकीका बागलुङ, स्याङ्जा, गोरखा लगाययतका शहर हरुमा बिकास फर्काउनका लागि प्रदेश सरकार तयार रहेको उहाँको भनाई थियो। अधिकारीले बागलुङमा डिपिआरको चरणमा रहेको उत्तर गंगा जलाशययुक्त आयोजना निर्माणका लागि बागलुङले दवावमुलक कार्यक्रम गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य देवेन्द्र पौडेलले बागलुङको विकासका लागि संघ र प्रदेश सरकारले सफा कार्यक्रमहरु ल्याउनुपर्ने बतानुभयो। जिल्लामा अलपत्र योजनाहरुको बिषयमा आफ्नो ध्यानाकर्षण भएको पौडेलको भनाई थियो।

## बाउन्न..................

लागि विद्यालयमा दश प्रतिशत सुन्ने विद्यार्थीले पढ्दै आएका छन्। सुन्ने र बहिरा विद्यार्थी एकै ठाउँमा राखेर पढाउन दुवै विद्यार्थीका संस्कार आदन प्रदान तथा भाषाको विकास हुनेछ।

नेपालमा अन्यत्र कुनैपनि स्थानमा बहिरा बिद्यार्थीहरुको प्राविधिक धारबाट उच्च शिक्षा हासिल गर्ने क्याम्पस नभएपछि आफ्नै बिद्यार्थीहरुको उच्च शिक्षाको लागि कक्षा सञ्चालन गर्नुपरेको बिद्यालयका संस्थापक राना मगरको भनाई छ नेपाल सरकारकातर्फबाट बिद्यालय तहसम्मको लागि सहयोग प्राप्त भएपनि उच्च शिक्षाको लागि सहयोग नभएकाले प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परीषदको आंगिक सम्बन्ध लिएर कक्षा सञ्चालन गरिएको हो। बहिरा विद्यालय विस २०६४ सालमा स्थापना भएको हो।

# कालिका पुरस्कारबाट दुई पत्रकार पुरस्कृत

**जननिगरानी संवाददाता**
**बागलुङ**

कालिका पत्रकारिता पुरस्कार-२०७९ बाट बागलुङका दुई जना पत्रकार सम्मानित हुनुभएको छ। कालिका भगवती गुठी व्यवस्थापन समिति बागलुङले मन्दिर को चौतर्फी विकासमा सञ्चार माध्यममार्फत योगदान गर्ने पत्रकार रामकृष्ण बोहोरा र विजय रानालाई नगर पाँच हजार रुपियाँसहित सम्मान गरेको हो।

गुठीले हरेक बर्ष दुई जना पत्रकारलाई पुरस्कृत गर्दै आएको छ। बोहोरा पोखराबाट प्रकाशन हुने ढोरपाटन दैनिकको कार्यकारी सम्पादकको र राना एपीवान टेलिभिजन बागलुङ समाचारदाता हुनुहुन्छ।



सञ्चार माध्यममार्फत मन्दिरको प्रचार प्रसारमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुँदा पुरस्कृत गरेको कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खडकाले बताउनुभयो। कालिका मन्दिर परिसरमा सञ्चालित चैत्राष्टमी मेलाको मुल समारोहमा मुख्यमन्त्री खगराज अधिकारीले पुरस्कार वितरण गर्नुभएको थियो।

'मन्दिरको प्रसार प्रचारमा पत्रकारहरुको भूमिका महत्वपूर्ण छ' अध्यक्ष खडकाले भन्नुभयो-'धार्मिक पर्यटन विकासमा योगदान गर्ने पत्रकारलाई हरेक बर्ष पुरस्कार प्रदान गर्दै आएका छौं।'

# थप पीडा हुने गरी ऐन संशोधन गर्न लागियो: द्वन्द्व पीडित

**बागलुङ** - सरकार द्वन्द्वपीडितलाई थप पीडा हुने गरि संशोधन गर्न लागेको ऐनमा भएका गम्भीर त्रुटि संशोधन गर्नका लागी बागलुङका द्वन्द्व पीडितहरुले माग गरेका छन्।

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयकमा आयोजित छलफलमा पीडितले आफ्नो पक्षमा ऐन नआएको बताएका छन्। ऐन मानव अधिकार उल्लंघन र गम्भिर मानवअधिकार उल्लंघन गरी दुई भाग बनाएको र राज्यबाट भएका घटना मात्रै गम्भिर उल्लंघनमा राखिँदा विद्रोही पक्ष वा अज्ञान समूहबाट भएको घटनाका पीडितले कानूनी उपचार पाउने बाटो बन्द भएको गुनासो गरे। द्वन्द्व पीडित हरि सुवेदीले पीडितहरुको लागि यो ऐन र विधेयकले केही पनि नबोलेको बताउँदै न्याय पाउने आशा नै मरेको बताउनुभयो।

यस्तै अर्की पीडितसावित्री खड्काले आफ्ना बाबुलाई हत्या गरिएको तर,विद्रोहीपक्षले मारेकै कारण मानव अधिकार उल्लंघनमा नपर्ने र मुद्धामा जानबाट रोक लगाइएको भन्दै विधेयक एक पक्षीय मात्र भएको बताउनुभयो।

कार्यक्रममा बोल्नै पीडितहरुले न्यायका लागि ऐन नबोलेको गुनासो गर्दै राजनीतिक भागबण्डामा आयोग बनाउने, सोही अनुसार कार्यकर्ताभर्ती गर्ने र मुद्धालाई लामो समयसम्म राख्ने काम मात्रै भएको बताए। कार्यक्रममा एड्भोकेसी फोरम नेपालकी संस्थापक मन्दिरा शर्माले राज्यबाट आउने विधेयकमै त्रुटी भएर आएको बताउनुभयो। उहाँले सबैले अपनत्वगर्न सक्ने विधेयक नआएमा कानून आउनु र नआउनुको भिन्नता नभएको बताउँदै पीडितले न्याय पाउनुपर्ने बताउनुभयो। शर्माले पीडितले न्याय पाउने, सके पीडितले नै क्षमदान गर्न सक्ने र राज्यले पीडितलाई नगद राहतमात्र नभएर सान्त्वना दिन सक्ने कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो।


# सचेत रही ग्याँसको प्रयोग गरौं, दुर्घटनाबाट बचौं

- ग्याँसको चुल्हो बालेर भान्सा छाडी टाढा नजाऔं।
- प्रयोग गरिसकेपछि ग्याँसको चुल्हो र रेगुलेटर बन्द गरौं।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं।
- ग्याँस सिलिन्डर, रेगुलेटर र पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए तुरुन्त फेरौं।
- ग्याँस सिलिण्डर लिँदा सिल भए/नभएको तथा सिलिण्डरको समायवधि अनिवार्यरुपमा हेर्ने गरौं।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं।
-ग्याँस गन्हाएको बेला बिजुलीको स्वीच, सलाई, लाईटरको प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड